बैठक संख्या: ६६ मिति: २०८२ साल भाद्र २४ गते समय: दिनको ३: बजे

आज मिति २०८२ साल भाद्र २४ गतेका दिन गुराँस गाउपालिका दैलेखको ६६ औं कार्यपालिका बैठक गुराँस गाउपालिकाका कार्यवाहक अध्यक्ष श्री शिवा कुमारी खड्का ज्युको अध्यक्षतामा तपसिलको उपस्थितिमा बसी देहायका प्रस्तावमाथि छलफल भई निर्णय गरियो।

उपस्थिति: तपसिल

| | |
|---|---|
| श्री शिवा कुमारी खड्का | - का.वा. अध्यक्ष |
| श्री धर्म बहादुर रावल | - वडा अध्यक्ष वडा नं.१ |
| श्री शेर बहादुर रावल | - वडा अध्यक्ष वडा नं.२ |
| श्री कांशीराम शर्मा | - वडा अध्यक्ष वडा नं.३ |
| श्री खड्क बहादुर शाही | - वडा अध्यक्ष वडा नं.४ |
| श्री भुपेन्द्र बहादुर चन्द | - वडा अध्यक्ष वडा नं.५ |
| श्री चन्द्र बहादुर राना | - वडा अध्यक्ष वडा नं.६ |
| श्री नन्द बहादुर बि.सी. | - वडा अध्यक्ष वडा नं.७ |
| श्री दिपेन्द्र कली | - वडा अध्यक्ष वडा नं.८ |
| श्री अमृता कुमारी बि.सी. | - कार्यपालिका सदस्य |
| श्री बिनी बि.क. | - कार्यपालिका सदस्य |
| श्री पम्फी बि.क. | - कार्यपालिका सदस्य |
| श्री भुमिसरा कली | - कार्यपालिका सदस्य |
| श्री कुलबिरे बि.क. | - कार्यपालिका सदस्य |
| श्री सम्झना कुमारी बुढा | - कार्यपालिका सदस्य |
| श्री ओम प्रकाश देवकोटा | - प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव |

अन्य सहभागी कर्मचारी

श्री

श्री रुक्मराज उपाध्याय

कार्यपालिका बैठक संख्या नं. ६९ स्थानः गाउँपालिका भवन मितिः २०८३/०५/२४

समयः दिउँसो ४:०० बजे

प्रस्तावहरुः

१. पूर्व निर्णयहरुको समीक्षा सम्बन्धमा ।
२. कानून निर्माण तथा स्वीकृति सम्बन्धमा ।
३. LGPAS को प्रारम्भिक नतिजा जिल्ला समन्वय समितिमा प्रेषण गर्ने सम्बन्धमा ।
४. कर्मचारी भर्ना सम्बन्धमा ।
५. क्रमागत योजना सम्बन्धमा ।
६. निः शुल्क जग्गा प्राप्तीको लागि सूचना प्रकाशन सम्बन्धमा ।
७. सार्वजनिक खरिद अनुगमन कार्यालयको परिपत्र सम्बन्धमा ।
८. विपद् प्रति कार्ययोजना स्वीकृत सम्बन्धमा ।

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. १**

गुराँस गाउँ कार्यपालिकाले यस पूर्वका बैठकहरुमा गरेका निर्णयको कार्यान्वयन अवस्थाका सम्बन्धमा समीक्षा गरियो।

**निर्णय नं. २**

कार्यपालिकाको ६७ र ६८औं बैठकले राय सहित यस कार्यपालिका बैठकमा पेश गर्ने गरी विधेयक समितिमा पठाएको तपसीलमा उल्लेखित कानूनलाई स्वीकृत गर्ने निर्णय गरियो।

१. जनप्रतिनिधि तथा कर्मचारी बीमा निर्देशिका, २०८३
२. गुराँस गाउँपालिका कार्यसञ्चालन निर्देशिका, २०७९ (संसोधन २०८३)
३. सहकारी कर्जा सूचना केन्द्र स्थापना तथा परिचालन सम्बन्धी निर्देशिका, २०८३
४. गाउँ कार्यपालिकाको कार्यालय परिसर सुरक्षा निर्देशिका, २०८३
५. लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण (GEDSI) परीक्षण कार्यविधि, २०८३
६. सामुदायिक विद्युतीकरण कार्यान्वयन कार्यविधि, २०८३
७. पहिचान स्तम्भ निर्माण तथा सञ्चालन कार्यविधि, २०८३
८. पूर्ण सरसफाइ तथा स्वच्छ वडा घोषणा कार्यविधि, २०८३
९. सहकारी सम्बन्धी तालिम सञ्चालन कार्यविधि, २०८३
१०. कर्णाली चलचित्र पर्यटन महोत्सव सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३
११. कृषि उत्पादन चिस्यान केन्द्र निर्माण तथा सञ्चालन कार्यविधि, २०८३
१२. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समिति (गठन तथा परिचालन) कार्यविधि, २०८३
१३. स्वास्थ्य आमा समूह गठन तथा परिचालन सम्बन्धी कार्यविधि, २०८३
१४. वनभोजस्थल विकास, सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३
१५. धार्मिकस्थल तथा मठमन्दिर निर्माण, सञ्चालन, संरक्षण तथा व्यवस्थापन कार्यविधि, २०८३
१६. गुराँसे भ्यू टावर सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३
१७. गुराँस गाउँपालिका १५ शैया आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३
१८. प्रारम्भिक बालविकास शिक्षकका लागि प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड (ELDS) आधारित तालिम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३
१९. अभिभावक शिक्षा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३
२०. मसानघाट तथा दाहसंस्कार क्षेत्र निर्माण, सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३
२१. लागु औषध नियन्त्रण, जनचेतना तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन कार्यविधि, २०८३
२२. पोषिलो पीठो/खाद्य उत्पादन (पोषण मिल) सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३
२३. सवारी साधन मर्मत सम्भार तथा सञ्चालन कार्यविधि, २०८३
२४. अनुगमन तथा सुपरीवेक्षण कार्यसञ्चालन कार्यविधि, २०८३
२५. उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०८३

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

२६.आयोजना सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३

२७.बाल विवाह अन्त्य सम्बन्धी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३

२८. गुराँस गाउँपालिका बालश्रममुक्त घोषणा कार्यविधि, २०८३

२९."घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी कार्यविधि, २०८३

३०.विद्यालय, स्वास्थ्य संस्था तथा वडा कार्यालय रंगरोगन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३

३१.स्थानीय सामग्रीबाट चौतारा निर्माण तथा मर्मत सम्भार सम्बन्धी कार्यविधि, २०८३

३२. लक्ष्मी माध्यमिक विद्यालय (रतिखोला) स्कूल बस खरिद, सञ्चालन तथा हस्तान्तरण सम्बन्धी कार्यविधि, २०८३

३३.स्वास्थ्य सेवाका खोप तथा गाउँघर क्लिनिकमा खटिने फिल्ड कर्मचारीको सुविधा सम्बन्धी मापदण्ड, २०८३

३४. विगत आर्थिक वर्षमा छुट सञ्चय कोष र नागरिक लगानी कोष दाखिला सम्बन्धी मापदण्ड, २०८३

तपसीलमा उल्लेखित कानून अर्को कार्यपालिका बैठकमा राय सल्लाह सहित पेश गर्ने गरी विधेयक समितिमा पठाउने निर्णय गरियो।

१. सूचना प्रविधि तथा साइबर सुरक्षा निर्देशिका, २०८३
२. बाल अधिकार संरक्षण तथा प्रवर्धन सम्बन्धी कार्यविधि, २०८३
३. आयुर्वेद सेवा केन्द्र तथा जडीबुटी प्रशोधन केन्द्र सञ्चालन कार्यविधि, २०८३
४. अटो-रिक्सा व्यवस्थापन कार्यविधि, २०८३

**निर्णय नं. ३**

स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०८२ को दफा ६ (ङ) बमोजिम मिति २०८३ भाद्र १७ गतेको कार्यपालिका बैठकको निर्णयले आवश्यक राय सुझावका लागि सुशासन तथा संस्थागत विकास समितिमा पठाएकोमा सो समितिबाट यस गाउँपालिकाको (Local Governance Performance Assessment System- LGPAS) प्रारम्भिक नतिजा ९१.६ प्रतिशत सहित कार्यविधिको दफा ६ (च) बमोजिम कार्यपालिका बैठकमा पेश हुन आएको प्रतिवेदन सोही कार्यविधिको दफा ६ (छ) बमोजिम प्रमुख प्रशासकीय अधिकृत मार्फत भाद्र मसान्तसम्म जिल्ला समन्वय समिति दैलेखमा पठाउने निर्णय गरियो।

**निर्णय नं. ४**

यस गाउँपालिकाको आर्थिक वर्ष २०८३/८४ को सभाबाट स्वीकृत असिष्टेण्ट सब इन्जीनियर पद संख्या १ मा भर्ना गर्न प्रमुख प्रशाकीय अधिकृतलाई अख्तियारी दिने निर्णय गरियो। त्यसैगरी कार्यालयमा रिक्त रहन गएको ब्याक हो लोडरको चालक भर्नाका लागि फर्म भरेका उम्मेदवारले प्रयोगात्मक तथा अन्तर्वातामा उपस्थित हुन नआउने भनी प्रशासन शाखालाई सूचना दिएको हुँदा वर्षात र विपद् जोखिमको समयलाई मध्य नजर गरी सो पदमा हाललाई ज्यालादारीमा भर्ना गर्न समेत अख्तियारी दिने निर्णय गरियो।

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

**निर्णय नं. ५**

यस गाउँपालिकाको आर्थिक वर्ष २०८२/८३ मा नेपाल सरकारलाई माग गरिएको समपुरक तर्फको "गुराँस ४ सियाकोट देखि पन्ध्र शैया अस्पताल कुमखोला हुँदै गुराँसे जोड्ने सडक निर्माण तथा स्तरोन्नती" योजनामा संघीय सरकारबाट २ वर्षे समयावधि राखी स्वीकृत तथा २ वर्षे क्रमागत रुपमा बजेट विनियोजन भई आएकोले आर्थिक वर्ष २०८३/८४ मा शुरु र आर्थिक वर्ष २०८४/८५ सम्पन्न वर्ष मानी बहु वर्षीय ठेक्का आव्हान गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने निर्णय गरियो ।

**निर्णय नं. ६**

यस गाउँपालिकाको प्रशासनिक भवन तथा गाउँपालिका मातहतका तपसीलका निकायहरुलाई आवश्यक भवन निर्माणका लागि जग्गा आवश्यक रहेकोले देहायको क्षेत्र तथा क्षेत्रफलमा ईच्छुक व्यक्तिहरुका लागि मालपोत (नवौं संसोधन) नियमावली, २०८३ को नियम २३झ३ अनुसार निः शुल्क रुपमा जग्गा उपलब्ध गराउन सार्वजनिक सूचना जारी गर्ने निर्णय गरियो ।

| सि नं | निकाय | क्षेत्रफल | क्षेत्र | कैफियत |
|---|---|---|---|---|
| १ | गाउँ कार्यपालिकाको कार्यालयको मूख्य प्रशासनिक भवन | कम्तीमा १० रोपनी | गुराँस गाउँपालिका वार्ड नं ४ र ५ सुर्खेत-दैलेख सडकखण्डको दायाँ बायाँ पर्ने गरी हालको कार्यालय रहेको क्षेत्र नजिक सकभर बाटोले छोएको वा सम्भावना रहेको । | |
| २ | प्राविधिक धार क्याम्पस | कम्तीमा ५ रोपनी | गुराँस गाउँपालिका वार्ड नं ८ धरमपोखरा बजार क्षेत्र नजिक सकभर बाटोले छोएको वा सम्भावना रहेको । | |
| ३ | सामुदायिक स्वास्थ्य इकाई सानाकाँडा | कम्तीमा ३ रोपनी | गुराँस गाउँपालिका वार्ड नं. ५ सानाकाँडा हालको सामुदायिक स्वास्थ्य इकाई क्षेत्र नजिक सकभर बाटोले छोएको वा सम्भावना रहेको । | |

यस अघि गाउँपालिकालाई जग्गा उपलब्ध गराउन प्रतिवद्ध महानुभावहरुलाई यसै सूचनाको मातहत रही जग्गा उपलब्ध गराउन अनुरोध गर्न सम्बन्धित वडा अध्यक्षहरुले सहजीकरण गर्ने निर्णय समेत गरियो ।

**निर्णय नं. ७**

सार्वजनिक खरिद अनुगमन कार्यालयको च. न. MIT १८२ र सा. नि. प. से. खं. मिति २०८३/०५/११ को परिपत्र सूचना अनुसार हाल सञ्चालनमा रहेको विद्युतीय खरिद प्रणाली (e-GP System) मा सुरक्षा जोखिम उच्च रहेको देखिन आएकोले प्रणालीको मर्मत सम्भार र सुधार कार्य भइरहेको हुँदा अर्को सूचना जारी नभएसम्म विद्युतीय खरिद प्रणाली सुचारु हुन केही समय लाग्ने देखिँदा भौतिक खरिद प्रणाली (Hardcopy System) सुचारु गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने निर्णय गरियो ।

**निर्णय नं. ८**

यस गाउँपालिकाको विपद् प्रति कार्ययोजना, २०८२ (अध्यावधिक २०८३) स्वीकृत गर्ने निर्णय गरियो ।

**ओम प्रकाश देवकोटा**
**प्रमुख प्रशासकीय अधिकृत**



CamScanner